# वार्षिक नगर विकास योजना

## (आ.ब. २०७३/०७४)

आर्थिक बर्ष २०७३/०७४ को लागि
मिति २०७२ पौष २७ गते सम्पन्न
२० औं नगरपरिषद्बाट पारित
नीति, कार्यक्रम तथा बजेट

**प्रकाशक :**

पुतलीबजार नगरपालिकाकार्यालय
प्रगतिनगर, स्याङ्जा ।

टेलिफोन नं. ०६३-४२०४०९

०६३-४२०४१०

०६३-४२०११७

फ्याक्सः ०६३-४२०४०९

## संरक्षक

दिपक रेग्मी

प्रमुख एवं कार्यकारी अधिकृत

## सम्पादकमण्डल

श्री कपिलगिरी (प्रशासकीय अधिकृत)

श्री पमनारायण पराजुली (प्रशासन शाखा प्रमुख)

श्री मनि राना मगर (लेखा शाखा प्रमुख)

श्री खगेन्द्र प्रसाद ढकाल (योजना तथा प्राविधिक शाखा प्रमुख)

श्री अरुणपौडेल वातावरण तथा सरसफाई शाखा प्रमुख)

श्री लिलाम्बर ढुङ्गाना (सूचना तथा अभिलेख शाखा प्रमुख)

श्री ध्रुबप्रसाद सुवेदी (राजश्व शाखा प्रमुख)

श्री रामशर्मापोखरेल (पंजिकरण शाखा प्रमुख)

© सर्वाधिकार

प्रकाशकमा सुरक्षित

## प्रकाशक

पुतलीबजार नगरपालिका कार्यालय

# मन्तव्य



स्थानीय स्वायत्तशासन ऐन २०५५ र तत्सम्बन्धीनियमावली २०५६ अनुसार विकेन्द्रीकरणको मूलमर्म र भावनालाई स्थापित गर्ने उद्देश्यले स्थानीय निकाय स्थानीय सरकारको रूपमा परिभाषित हुँदै आएको छ। विकेन्द्रीकरणको सिद्धान्त अनुसार सहभागीता मूलक योजना तर्जुमा प्रक्रियालाई अवलम्वन गरी नगरस्तरीय एकीकृत योजना तर्जुमा समितिको बैठकले पारित विकास योजनालाई २० औं नगरपरिषदको बैठकबाट पारित गरी पुस्तकका रूपमा सार्वजनिक गर्न पाउँदा गौरव महशुस भएको छ।

विगतका परिषद् भन्दा विशेष अवस्थामा सम्पन्न भएको २० औं नगरपरिषदले स्याङ्जा जिल्ला र नगरको इतिहासमा यौटा नयाँ गति प्रदान गरेको छ। निर्वाचित जनप्रतिनिधी विहिन रहेकाले सृजित जटिल, एवं विषम परिस्थित मा पनि सर्व दलिय प्रतिनिधीको समन्वयमा सम्पन्न २० औं नगरपरिषद्ले सिमित श्रोत साधनको परिचालन गरी नगरको विकास प्रयासमा महत्वपूर्ण योगदान पुऱ्याउने अपेक्षा गरिएको छ। यो नगर विकास योजना पुस्तिकाले नगरका वडा नागरिक मञ्च, टोल विकास संस्था, नागरिक समाज, नागरिक सचेतना केन्द, पेशागत संघ-संगठन लगायत अन्य संघसंस्था र नागरिकहरू बीच विश्वासिलो सेतुका रूपमा उभिएको छ। आगामी आ.ब.०७३/०७४ मा नगरवासीका लागि संचालन गरिने योजना तथा कार्यक्रमलाई गरीब, महिला, बालबालिका, आर्थिक, सामाजिक दृष्टिले पिछडिएको वर्ग समुदाय एवं क्षेत्रको पहुँच र स्वामित्व रहने गरी स्थानीय निकाय श्रोत परिचालन तथा व्यवस्थापन कार्यविधी २०६९ बमोजिम्का कार्यक्रमलाई यस वार्षिक नगर विकास योजना पुस्तिकाले समेट्ने प्रयास गरेको छ।

२० औं नगरपरिषद्द्वारा स्वीकृत गरिएका योजना तथा कार्यक्रमहरूले नगरपलिकाको न्यूनतम शर्त तथा कार्य समपादन मूल्यांकनका सूचकहरू पुरा गर्न समेत भूमिका खेल्ने छ भन्ने विश्वासलाई आत्मासात् गर्दै २० औं नगरपरिषद् सम्पन्न गर्न महत्वपूर्ण योगदान प्रदान गर्नुहुने प्रमुख अतिथि, विशिष्ट अतिथि, सम्पूर्ण जिल्ला तथा नगर स्तरमा क्रियाशील राजनैतिक दलका प्रमुख एवं प्रतिनिधीहरू, जिल्ला स्थित विभिन्न सरकारी कार्यालय एवं विभिन्न संघ संस्थाका प्रतिनिधीहरू लगायत उद्योगी, व्यापारी, संचारकर्मी, करदाता, कर्मचारी एवं आम-नगरवासीहरूमा हार्दिक आभार व्यक्त गर्दै पुस्तिका प्रकाशनमा महत्वपूर्ण भूमिका खेल्ने सम्पादक मण्डलप्रति कृतज्ञता प्रकट गर्न चाहन्छु।

**दिपक रेग्मी**
**प्रमुख एवं कार्यकारी अधिकृत**

# सम्पादकीय

विकेन्द्रित शासन प्रणालीलाई राज्य संचालनको मुख्य सैद्धान्तिक आधार आत्मसाथ गरि स्थानीय स्वायत्त शासन ऐन २०५५ र नियमावली २०५६ ले नगरपालिकालाई स्थानीय सरकारको रूपमा काम गर्न सकिने गरि अधिकार प्रदान गरेको छ। स्थानीय स्तरका समस्याहरूको समाधान स्थानीय नागरिकको प्रत्यक्ष सहभागीतामा गर्ने र स्थानीय सरकारले गरेका विविध प्रकार का भौतिक तथा सेवा मूलक विकासका गतिविधीहरूमा नगरवासीको सू-सुचित हुने अधिकार लोकतान्त्रिक व्यवस्थामा विद्यमान रहेको कुरालाई दृष्टिगत गर्दै नागरिकलाई सूचनाको हक प्रत्याभूत गराउने उद्देश्यले पुतलीबजार नगरपालिकाले संचालन गरेका गतिविधिहरू तथा आगामी आ. ब. का लागि प्रस्तावित योजना तथा कार्यक्रम नगरवासी लगायत अन्य पाठक सामु ल्याउने जमर्को स्वरूप यो  पुस्तक प्रकाशन गरिएको छ। आजको युग सूचनाको युग हो। सही सूचना तथा तथ्यांकको अभावमा कुनै पनि कार्यक्रम संचालन गर्न सकिंदैन। यही तथ्यलाई मनन गर्दै हाम्रो यो पाइला अगाडि बढेको हो।

नेपाल सरकारबाट नगरपालिकालाई  प्राप्त हुने सबै प्रकारका अनुदान, स्थानीय विकास शुल्क, आयोजना बजेट, राजश्व बाँडफाड, अन्य अनुदान, नगरपालिकाको स्व-आर्जन तथा राष्ट्रिय-अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूबाट प्राप्त हुने अनुदानलाई एकीकृत गरी सर्वसाधारण जनता, विशेषतः गरीब, महिला, बालबालिका, सामाजिक तथा आर्थिक दृष्टिकोणबाट पिडडिएको वर्ग र समुदाय एवं क्षेत्रको पहुँच र स्वामित्व रहने गरी  श्रोत र साधनको अधिकतम परिचालन गर्न सहयोग पुऱ्याउने दृष्टिले  नगरपालिका अनुदान संचालन कार्यविधि २०६७ लागू गरेको  छ।

यस प्रकाशनमा यही कार्यविधि बमोजिम् आगामी आ.ब. ०७३/०७४ का लागि  २० औं नगरपरिषद्द्वारा स्वीकृत गरिएका योजना तथा कार्यक्रमहरू प्रकाशन गरिएको छ। हाम्रो यस कार्यले नगरपालिकाको न्यूनतम शर्त तथा कार्य समपादन मूल्यांकनका सूचकहरू पुरा गर्नमा समेत भूमिका खेल्ने छ। प्रकाशन आफैंमा एक जटिल प्रक्रिया हो। हामीले प्रयास गर्दागर्दै पनि यस भित्र समेट्न नसकिएका र हुन गएका त्रुटीप्रति क्षमायाचना गर्दै आगामी प्रकाशनमा विज्ञ पाठकहरूबाट अमूल्य सुझाव प्राप्त हुनेछ  भन्ने कुरामा हामी विश्वस्त छौं।

**सम्पादक मण्डल**

# पुतलीबजार नगरपालिकाको वडागत भौगोलिक स्वरुप



# विषय- सूची


| क्र.स. | विवरण | पेज नं. |
|---|---|---|
| १ | नगरपालिकाको संक्षिप्त पार्श्वचित्र | १ |
| २ | बार्षिक नीति, कार्यक्रम तथा बजेट वक्तव्य | ३ |
| ३. | २० औं नगरपरिषद्को उपस्थिति | १३ |
| ४ | नगरपरिषद्का निर्णयहरू | २१ |
| ५ | बजेट विवरण | २६ |
| ६ | एकीकृत योजना तथा कार्यक्रमहरू | ४३ |
| ७ | भवन निर्माण सडक मापदण्ड | ८२ |
| ८. | कर्मचारी विवरण | ८९ |